# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, जेठ ३१ गते २०४७ साल (अतिरिक्ताङ्क १५ (क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ११ क. ले दिएको अधिकार प्रयोग गरी विदेशी विनिमयसम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि बागमती अञ्चलको जिल्लाहरूको हकमा अर्थ मन्त्रालय राजश्व अनुसन्धान महाशाखाका सह-सचिव श्री बोधनाथ अधिकारीलाई र अन्य अञ्चलका जिल्लाहरूको हकमा सम्बन्धित जिल्लाका प्रहरी नायब उपरीक्षक, प्रहरी नायब उपरीक्षक नभएको जिल्लामा प्रहरी निरीक्षक र प्रहरी निरीक्षक पनि नभएको जिल्लामा प्रहरी नायब निरीक्षकलाई अनुसन्धान अधिकारी तोकेको छ ।

खण्ड ३७ मिति २०४४।७।१ अतिरिक्ताङ्क ३६ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यससम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
९० श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।